सुन्दरहरैंचा नगरपालिकाको १७ औं नगरसभा बैठकमा नगर उपप्रमुख श्री अकली चौधरीज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८२/०८३ को आठ महिना अवधिको समिक्षा सहित उक्त समयमा भए/गरेका मुख्य मुख्य क्रियाकलापहरु

सुन्दरहरैंचा नगरपालिका
विराटचोक, मोरङ
२०८२।१२।०६
*सुन्दरहरैंचाको पहिचान : समृद्धि र सुशासन*

# सुन्दरहरैंचा नगरपालिकाको १७ औं नगरसभामा पेस हुने आर्थिक वर्ष २०८२/०८३ को आठ महिना अवधिको समिक्षा सहित उक्त समयमा भए/गरेका मुख्य मुख्य क्रियाकलापहरु

**सम्मानित सभाका अध्यक्षज्यू, सचिवज्यू, सभाका सदस्यज्यूहरू, उपस्थित कर्मचारी तथा उपस्थित अन्य महानुभावहरू ।**

आज मलाई १७ औं नगर सभाको बैठकमा आर्थिक वर्ष २०८२/०८३ का लागि १६ औं नगरसभाबाट स्वीकृत बार्षिक बजेट, योजान तथा कार्यक्रम अन्तर्गत हाल सम्म भए/गरेका मुख्य मुख्य क्रियाकलापहरु तथा आठ महिना अवधिको समिक्षा सहितको विवरणहरु राख्ने अवसर दिनु भएकोमा सर्वप्रथम यस सभाका सभाध्यक्षज्यूलाई हार्दिक आभार ब्यक्त गर्दछु ।

सुन्दरहरैंचा नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरु मार्फत प्रवाह हुने सार्वजनिक सेवा, स्थानीय आर्थिक विकास तथा विकास निर्माण कार्यको कार्यान्वयको अवस्थालाई क्षेत्रगत समिति तथा सो समिति अन्तर्गत रहने शाखा/उपशाखा/इकाईबाट ८ महिनाको अवधिमा भए/गरेका कार्यहरुको प्राप्त विवरणहरु देहाय बमोजिम रहेको बेहोरा निवेदन गर्न चाहान्छु;

१. <u>संस्थागत विकास तथा सुशासन समिति</u>

- ✓ नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्य सम्पादन सम्झौता भएकोछ,
- ✓ सहायकस्तर चौथो तहका कर्मचारीको कार्य सम्पादन फारम मुल्यांकन कार्य सम्पन्न गरिएको भएकोछ,
- ✓ जनप्रतिनिधि र कर्मचारीको आ.व २०८१/०८२ को सम्पत्ति विवरण संकलन र अभिलेखिकरण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएकोछ,
- ✓ नगर प्रहरी परिचालन गरी बजार व्यवस्थापन गर्नुका साथै नदिजन्य अवैध उत्खनन् कार्य लाई नियन्त्रण गरिएकोछ,
- ✓ न्यायीक विवाद निरुपण, हाट बजार, मेला पर्व र खेलकुद प्रतियोगितामा समन्वयमा नगर प्रहरी परिचालन गरिएकोछ,
- ✓ स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को व्यवस्थानुसार कर्मचारीको तहवृद्धि सम्बन्धी कार्य नियमित भएकोछ,
- ✓ सेवा निवृत्त कर्मचारी र बढुवा भई अन्यत्र नियुक्ति गएका कर्मचारीलाई विदाइ तथा फेरी भेटौला कार्यक्रम सञ्चालन गरिएकोछ,
- ✓ माग भए बमोजिमका सूचना उपलब्ध गराई छुट्टै अभिलेखिकरणको व्यवस्था मिलाइएकोछ,
- ✓ न्यायीक समितिबाट भएका निर्णय कार्यान्वयन प्रक्रियामा लगिएकोछ,

- ✓ Gen-Z पुस्ताको आन्दोलनका क्रममा कार्यालय पूर्णरुपमा जलि नष्ट भएको अवस्थामा कार्यालयको सेवा प्रवाह र कार्य कक्षको उपयुक्त व्यवस्थापन गरिएको,
- ✓ २ वटा निर्माण प्रा.लि लाई "घ" वर्गको निर्माण इजाजत पत्र प्रदान गरिएको,
- ✓ प्रदेश यातायात कार्यालय सँगको समन्वयमा इ-रिक्सा हस्तान्तरण कार्य नियमित भएकोछ,
- ✓ कार्तिक महिनामा भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुलाई वडा नं ८ को विश्वविद्यालय क्षेत्रका ४१ वटा घर परिवार र वडा नं १० स्थित गैरी टोल तथा बाघ झोडा टोलका ४७ वटा घर परिवार लाई जग्गा धनिपुर्जाको प्रमाणपत्र वितरण गरिएकोछ,
- ✓ भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको छुट भएको विवण संकलन गरी १० वटा वडाको डाटा इन्ट्रि भइसकेको । सफ्ट्वेयर सञ्चालनमा अवरोध भएकोले २ वटा वडाको डाटा इन्ट्रि गर्न बाँकी रहेको बेहोरा जानकारी गराउँदछु।
- ✓ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम पालिकामा भए गरेका कार्यहरुको वेबसाइट मार्फत स्वतः प्रकाशन गर्ने कार्य निरन्तर भई रहेकोछ ।
- ✓ सुन्दरहरैंचा नगरपालिकाको विनियोजन ऐन, २०८२ लाई राजपत्रमा प्रकाशन गरी वेवसाइटमा राख्ने कार्य भएको तथा

रेड बुक प्रकाशन गरि सरोकारवालाहरुलाइ उपलब्ध गराइएकोछ ।

- ✓ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृतिमा ल्याइएको LGPAS का विवरण तयार गर्न आवश्यक कार्य गरिएको,
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा विवरण पठाउने कार्य भएकोमा सुरूमा ५७.३८ अंक प्राप्त भएकोमा पुरावलोकन पश्चात ६२.३६ अंक प्राप्त भएको बेहोरा जानकारी गराउन चाहन्छु,
- ✓ मिति २०८२ भाद्र ८ गतेका दिन आ.व. २०८१/०८२ को बार्षिक समिक्षात्मक तथा मिति २०८२ फागुन २८ गते आ.व. २०८२/०८३ को अर्धबार्षिक समिक्षात्मक कार्य सम्पन्न गरिएको भएकोछ ।
- ✓ आ.व. २०८१/०८२ को जिन्सी निरिक्षण गरी मिति २०८२/०५/३० गते जिन्सी निरिक्षण प्रतिवेदन, २०८२ प्रमुख प्रशासकीय अधिकृतज्यू समक्ष पेश भएको अवस्था छ,
- ✓ आयोजना तथा कार्यक्रमको नियमित अनुगमन/निरिक्षण भई रहको बेहोरा यँहाहरू समक्ष जानकारी गराउँदछु ।

मिति २०८२ साउन १ देखि २०८२ फागुन मशान्त सम्मको आय र व्ययको प्राप्त विवरण अनुसार चालु तर्फ विनियोजित बार्षिक बजेट रु. ८५ करोड ८ लाख १२ हजार ४८७ रूपैया मध्ये ४२.१२% अर्थात रु. ३५ करोड ८४ लाख ३६ हजार ७८१

रुपैया खर्च भएको अवस्था छ; भने पूजीगत तर्फ विनियोजित बार्षिक बजेट रु. १ अर्व ३ करोड ७८ लाख ९६ हजार ७५ मध्ये १८.५६% अर्थात रु. १९ करोड २६ लाख ८० हजार ३१० रुपैया खर्च भएको अवस्था छ । त्यस्तै, वित्तीय व्यवस्थापन तर्फ ६५ लाख विनियोजन भएकोमा सो रकमबाट नगर विकास कोषलाई भुक्तानी गर्नु पर्ने ऋणको सावा तथा व्याज वापत रू. ३५ लाख भुक्तानी गरी ५३.८५% प्रगति हासिल भएको अवस्था छ।

त्यस्तै, अव म सम्मानित सभामा सुन्दरहरैंचा नगरपालिकाको आठ महिनाको अवधिमा अन्तरिक आम्दानी जम्मा रू. ९ करोड ६५ लाख १७ हजार ७१ रूपैया संकलन भएको बेहोरा जनकारी गराउँदछु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

<u>पूर्वाधार विकास समिति</u>

- ✓ वडा सचिवलाई अधिकार प्रत्यायोजन गरी रु. १० लाख सम्मको भौतिक पूर्वाधार विकास तर्फका आयोजना सम्बन्धित वडाबाट सम्झौता तथा भुक्तानीको सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइएकोछ ।
- ✓ आ.व. २०८२/०८३ का लागि १६ औं नगरसभाबाट स्वीकृत बार्षिक आयोजनाहरूको कार्यान्वयन गर्न खरिद विधि छनोट भई खरिद प्रक्रिया अगाडि बढाइएकोछ,

- ✓ वडा नं. १ मा रहेको निर्माणाधिन नगर अस्पतालको प्रशासनीक भवनको भौतिक प्रगति — ८४% रहेकोछ,
- ✓ पञ्चायत माध्यमिक विद्यालय (वडा नं. ७) को विद्यालय भवनको भौतिक प्रगति — ७०% रहेकोछ,
- ✓ वडा नं. ६, ७ र ८ मा विश्व बैकको सहयोग सञ्चालित आयोजनाको भौतिक प्रगति - ८७% तथा वित्तीय प्रगति ८२.५% रहेकोछ,
- ✓ वडा १, ३, ४, ५, ६, ७, ९ र १२ का वडा गौरवका बहुबर्षिय आयोजहरू कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाइएकोछ,
- ✓ उपभोक्ता समितिबाट कार्यान्वयन हुने गरी सम्झौता गरिएको आयोजनाको संख्या - ५१ रहेकोछ।
- ✓ घर नक्शा पास गर्ने कार्य पूर्णरूपमा अनलाइन प्रणालीमा आधारित हुने गरी कार्यान्वयनमा ल्याइएको,
  - ➢ नक्सापास अनलाइन प्रणालीबाट;
    - I. प्रथम इजाजत दिइएको — १०२
    - II. दोस्रो इजाजत दिइएको — ४६
    - III. अभिलेखिकरण — ८५
  - ➢ नक्सापास हार्डकपी/आफलाइन प्रणालीबाट;
    - I. निर्माण सम्पन्न — १०३
    - II. अभिलेखिकरण — ३८

२. **सामाजिक विकास समिति**

- ✓ सामुदायिक विद्यालयका ३५ जना प्रधानाध्यापकहरु र माध्यमिक विद्यालयका ११ जना लेखा कर्मचारीहरूलाई सहभागि गराई लेखा, जिन्सी तथा अभिलेख व्यवस्थापनसम्बन्धी दुई दिवसीय तालिम सञ्चालन गरिएकोछ,
- ✓ सामुदायिक विद्यालयहरूमा IEMIS हेर्ने ३५ जना शिक्षक/कर्मचारीहरूका लागि एक दिवसीय तालिम सञ्चालन गरिएकोछ,
- ✓ नगरपालिकाद्वारा गठित आठ सदस्यीय विद्यालय अनुगमन टोलीद्वारा विद्यालय अनुगमन प्रतिवेदन-२०८१ पेश भएकोछ,
- ✓ ससर्त अनुदानबाट प्राप्त बजेटका आधारमा चारकोठे भवन निर्माणका लागि महेन्द्र मा.वि.(सु.ह.-११), ज्योति मा.वि.(सु.ह.-६) र साजीलाल मा.वि. मा विद्यालय भवन निर्माणका लागि खरिद प्रक्रिया अगाडि बढाइएकोछ,
- ✓ नँया विन्दावन गौशला (वडा नं. ५) मा रहेको गुरुकुल शिक्षक अनुदानका लागि सम्झौता तथा भुक्तानी भएकोछ,
- ✓ राष्ट्रपति रनिङ सिल प्रतियोगिता सम्पन्न भएकोछ,
- ✓ ३५ वटा सामुदायीक विद्यालयका शिक्षक, कर्मचारी तलव/भत्ता निकासा भएकोछ,
- ✓ ३५ वटा सामुदायीक विद्यालयमा अध्यनरत १-५ सम्मका विद्यार्थीको लागि दिवा खाजा निकास भएकोछ,
- ✓ शौक्षिक संस्था तथा खेलकुद प्रवद्धन सहयोगका रकम सम्झौता गरी भुक्तानी गरिएकोछ,
- ✓ मिति २०८२ फागुन ४, ५ र ६ गते सुन्दरहरैंचा नगरपालिकामा प्रथम पटक "शैक्षिक महोत्सव-२०८२" आयोजना, नगरभित्र सञ्चालित सम्पूर्ण विद्यालयका विद्यार्थी, शिक्षक-कर्मचारी र

अभिभावक गरी करिव १ लाख द्वारा अवलोकन भएको बेहोरा जानकारी गराउँदछु,

- ✓ २०८२ फागुन ६ गते नगर शिक्षा योजना निर्माण प्रयोजनार्थ कार्यशाला आयोजना, शिक्षाका सरोकारवालाहरु करिव ५० जनाको सहभागिता रहेको थियो,

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

- ✓ मिति २०८२ श्रावण १ गते देखि फागुन मशान्तसम्म आठ महिनाको अवधिमा पूर्ण अशक्त अपाङ्गता — ५०८ जना, अति अशक्त अपाङ्गता ७२७ जना, अशक्त अपाङ्गता २७६ जना र सामन्य अपाङ्गता ९६ जना गरी कुल १ हजार ६ सय १७ जना अपाङ्गता भएको व्यक्तिहरूलाई अपाङ्गता परिचयपत्र वितरण गरिएकोछ,
- ✓ १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान, अपाङ्गता दिवस, आदिवासी जनजाती दिवस, लैङ्गिक मसानता तथा समाजिक समावेशीकरण परिक्षण लगयातका कार्यक्रम सम्पन्न भएका छन् ।
- ✓ "अबको सुन्दरहरैंचा र यथार्थमा रुपान्तरण कार्यक्रम" मार्फत नीति तथा राजनीति, उद्योग तथा उद्दमशीलता, शिक्षा तथा स्वास्थ्य, पर्यटन तथा कृषि आधुनिकरण जस्ता क्षेत्रमा विषयगत विज्ञ, सरोकारवाला र नीति निर्माता/राजनीतिक नेतृत्वबाट सार्वजनिक बहस सम्पन्न भएकोछ ।
- ✓ अन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गरी १२ वटै वडाहरूमा ३० बर्ष माथिका व्यक्तिहरूको प्रेसर, सुगर तथा मटोपनाको अवस्था बारको नापजाँच कार्यबाट ६ हजार ७ सय ९८ जनाको स्क्रीनिङ गर्ने सम्पन्न भएकोछ ।

- ✓ सङ्घीय सरकारबाट विनियोजित ससर्त बजेटबाट सामुदायिक तथा संस्थागत विद्यालमा कक्षा ६ मा अध्ययनरत १ हजार ३५९ छात्राहरूलाई भविष्यमा हुनसक्ने पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाउने कार्य सम्पन्न भएको जानकारी गराउँदछु ।
- ✓ आन्तरिक श्रोतबाट खर्च हुने गरी वडाका स्वास्थ्य केन्द्र मार्फत ४४० जना गर्भवती महिलालाई निःशुल्क भिडियो एक्सरे सेवा उपलब्ध गराइएकोछ ।
- ✓ कडा रोगका विरामीहरूलाई उपचार सेवा सिफारिस गर्ने कार्य अन्तर्गत आठ महिनाको अवधी १२० जनालाई उक्त सेवाको लागि सिफारिस गरिएको अवस्थाछ यँहाहरूसँग निवेदन गर्दछु ।
- ✓ स्वास्थ्य केन्द्रहरूमा औषधि तथा स्वास्थ्य सामाग्री व्यवस्थापन गरिएको गर्ने कार्य भएको ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

## <u>आर्थिक विकास समिति</u>

*<u>कृषि विकास उप-शाखा तर्फः</u>*

- मागको आधारमा १ वटा सहकारी/समुह/कृषकहरुलाई आलु बिउ र ६७ वटा सहकारी/समुह/कृषकहरु ५००० के.जी गहुँको बिउ वितरण गरिएकोछ,
- १४ वटा फर्म/समुह तथा व्यात्तिहरुलाई मौरीघार तथा अन्य सामाग्री वितरण गरिएकोछ,
- विभिन्न बालिको रोग किरा तथा समस्याहरुको २५ जनाको खेतबारीमानै गएर समाधान प्रयास भएकोछ,

- बिभिन्न वडाहरुमा जंगली हात्तीको कारण १५ जना कृषिका बालीमा भएको क्षति अवलोकन गरी प्रतिवेदन पेश भएकोछ,
- चैते धान बालीको ५ वटा नतिजा प्रदर्शन कार्यक्रम तथा उत्पादनको आधारमा नगर प्रोत्साहन कार्यक्रम ५० हे.मा संचालनमा रहेकोछ,
- कृषकहरुलाई कृषि तथा भेटेरेनरी कार्यक्रममा प्रदेशीक तथा संघीय कृषि तालिममा सिफारिस गरिएकोछ,

*उद्योग, सहकारी तथा रोजगारी प्रवर्द्धन उप-शाखा तर्फः*

- श्रम स्वीकृतिको सहजिकरण ५९ जना बैदेशीक रोजगार क्षतिपुर्ती ४ जना बैदेशीक रोजगार सन्तान छात्रवृद्धी २७ जना बिरामी र अगंभगं सहायता ४ जना बैदेशीक शव ढुवानी सहजिकरण ३ जना,
- सिपमुलक तालिम सहजिकरण बारिष्टा २० जना बेकर- २० जना मनोसामाजिक परामर्श — ९ जना,
- सहकारी लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय पारी २४ वटा विनियम संसोधन ३ वटा सहकारीअनुगमन गरी प्रतिवेदन तयार गरेको १३ वटा,

*पशुपन्छी विकास उप-शाखा तर्फः*

- सङ्घीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित ससर्त अनुदानका नियमित कार्य भएकोछ भने पशुपक्षिको खोप तर्फ;
    - २२ हजार ४५० पशुपन्छीहरूलाई पि पि आर खोप लगाईएको,
    - १० हजार ४३२ वटा गाईबस्तुलाई खोरेट विरुद्धको खोप लगाउने कार्य भएको,

- १ हजार ४१७ क्लासिकल स्वाइन फिवार विरूद्धको खोप लगाईएकोछ,
- १२६ वटा कुकुर,विरालो र अन्य पशुलाई रेविज विरूद्धको खोप लगाईएकोछ भने विमा दावीका लागि ३१ वटा क्षतिपूर्तिको सिफारिस भएकोछ ।

३. <u>वातावरण तथा विपद् व्यवस्थापन समिति</u>

- ✓ जंगली हात्तीको आक्रमण तथा आग्लागीजन्य विपदमा परेका ४० जना विपद् प्रभावित/पिडित/मृतक व्यक्तिहरूलाई राहत वितरणको कार्य सम्पन्न भएकोछ ।
- ✓ विपद् पूर्वतयारीका सामाग्री खरिद तथा वितरण गरिएकोछ ।
- ✓ सार्वजनिक निजी साझेदारी पद्धती मार्फत फोहोरमैला व्यवस्थापन कार्य प्रारम्भ भई हाल सम्म ९ हजार भन्दा वढी सहभागी भएको अवस्था छ ।

<u>नगर अस्पताल तर्फ</u>

- ✓ नि:शुल्क बाहेकका थप ५०९ प्रकारका वीमा मेडिसिन नियमित उपलब्ध गराउन थालिएकोछ।
- ✓ बिरामीको चापलाई मध्यनजर गरी बिहान ८ बजे बाट नै OPD सेवा सुचारु गरीएकोछ।
- ✓ भिडियो एक्सरे सेवालाई हप्तामा ३ दिन बाट ४ दिन बनाईएको भने यसै आ.व.को अन्त्य सम्ममा हप्तामा ७ दिन बनाउने लक्ष्यका साथ आवश्यक तयारी गरिएकोछ ।

- ✓ आगामी आ.ब.को मंसिर महिना भित्रमा नयाँ अस्पताल भवनबाट सेवा सुचारु गर्ने गरी सुबिधा सम्पन्न अस्पतालको नँया भवन निर्माणको अन्तिम चरणमा पुगेकोछ।

<u>न्यायीक समिति तर्फ</u>

- ✓ मिति २०८२ फागुन ३० गतेसम्ममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) बमोजिम दर्ता भएका २४ वटा मध्ये १० वटा फछ्र्यौट भई १४ वटा फछ्र्यौट हुन बाँकी रहेका छन भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) बमोजिम दर्ता भएका ५३ वटा मध्ये २४ वटा फछ्र्यौट भई २९ वटा फछ्र्यौट हुन बाँकी रहेका बेहोरा सम्मानित नगरसभालाई जानकारी गराउँदछु ।

**सभाका अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरू,**

अव म स्थानीय सरकारले कार्य सम्पादन गर्ने क्रममा भोग्नु परेका समस्या तथा चुनौती र अगामी दिनमा गर्ने गरी तय गरिएको मार्गदर्शन यँहाहरु समक्ष प्रस्तुत गर्दछु;

१. आख्तियार दुरुपयोग अनुसान्धान आयोगले मिति २०८०/०७/१६ गतेको २२ बुदे पत्रमा श्रोत सुनिश्चत नभई केवल पालिकालाई दायित्व हुने गरी किनै पनि कार्य गर्न नहुने व्यहोराको निर्देशन ।

२. सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न नभएका आयोजनाहरूको व्यवस्थापन गर्न प्रचलित कानुन बमोजिम निर्माण फर्महरूलाई कालोसूचिमा राख्ने प्रक्रिया अगाडि बढाउँदै निज व्यवसायीहरूबाट असुलउपर गर्न पर्ने रकम असुलीका सम्बन्धित निकायमा लेखि पठाउने तथा अधुरो आयोजनाको कार्य सम्पन्न गर्ने/गराउने कार्यको थालनीको लागि"निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचिमा राख्ने र बैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने कार्यविधि, २०८२" मिति २०८२ चैत्र ६ गतेको २/१४९ औं नगर कार्यपालिका बैठकबाट स्वीकृत भएसँगै कार्यान्वयमा ल्याइएकोछ ।

३. सुन्दरहरैंचा वडा नं. १ मा रहेको निर्माणाधिन नगर अस्पतालको भवनलाई सञ्चालनमा ल्याउन आवश्य पूर्वाधार (विद्युत वाइरिंङ तथा सिनिटरी कार्य गर्न, घेरावार गर्न, जमिन पुर्ने र लिफट् सञ्चालनमा ल्याउने गरीका) निर्माण गर्न आवश्यक श्रोत जुटाई बहुबर्षे ठेक्काको आयोजना गर्ने प्रक्रिया अगाडि बढाइनेछ । त्यस्तै, वडा नं. ४ मा रहेको व्यापारिक भवनमा न्यायिक इजलास निर्माण कार्य गरिने बेहोरा सम्मानित नगरसभालाई जानकारी गराउन चाहन्छु ।

४. २०८२ भाद्र २४ गते जेन जी पुस्ताको आन्दोलनको क्रममा नगर कार्यपालिकाको कार्यलायमा अगजनी र तोफोडबाट क्षति भई सेवा प्रवाहमा समस्या हुँदै आएको अवस्थालाई मध्य नजर गर्दै सेवा प्रवाहमा सहजताका लागि आवश्यक पर्ने विद्युतिय मेसिन तथा इन्टरनेट जडान कार्य अगाडि बढाइनेछ ।

५. असल अभ्यासका रुपमा हाम्रै सुन्दरहरैंचा नगरपालिकाको आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ को अभ्यासलाई एक पटक पुनः स्मरण गर्न चाँहान्छु । विगत २ आर्थिक बर्षहरूमा श्रोत सुनिश्चित भए पश्चात आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा भुक्तानीमा कुनै किसिमको असहजताको महसुस गर्नु नपरेको ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

माथि प्रस्तुत गरेको कानुनी व्यवस्था, अभ्यास तथा पालिकाको वर्तमान अवस्था समेतको मुल्याङ्न गर्दा हामी सबैले मनन गर्नु पर्ने विषय तथा सबैको अन्तिम उद्देशय भनेकै नगरबासीहरुलाई गुणस्तरीय सार्वोजनिक सेवा प्रवाह, निर्वाचनको समयमा नगरवासीहरुसँग गरेका प्रतिवद्धताहरुको पुरा गर्ने र नेपालले लिएको दिगो बिकास लक्ष्य हासिल गर्दै सुशासन, सहभागिता, समृद्ध नगर र सुखी नगरवासी को दिर्गकालीन सोच हासिल गर्ने नै हो ।

त्यसैले, म अन्त्यमा के भन्न चाँहान्छु भने श्रोत सुनिश्चित भए पश्चात सभाबाट स्वीकृत कार्यक्रमहरु क्रमशः कार्यान्वय गर्ने/गराइने भन्ने सन्देश सहितको जानकारी नगरवासी तथा आम सरोकारवाला पक्षहरुलाई गराउनु हुने छ भन्नेमा पूर्ण विश्वास लिएको छु ।

अब म यस सम्मानित नगर सभा समक्ष देहाय बमोजिमका विधयेक पेश गर्ने अनुमति चाहन्छु;

१. **सुन्दरहरैंचा नगरपालिकाको विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधयेक।**

२. **सुन्दरहरैंचा नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधयेक।**